सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

२०८० बैशाख २ गते देखि २०८० साल असार मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

स्वत: प्रकाशन


रिब्दीकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा

ईमेल: ito.ribdikot@gmail.com


२०८०, श्रावण

# २०८० साल बैशाख १ गते देखि २०८० साल असार मसान्त सम्म सम्पादित मुख्य क्रियाकलापहरु

प्रकाशक : रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सूचना तथा प्रविधि शाखा

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था २०७३

वेवसाइट : www.ribdikotmun.gov.np

ई-मेल ठेगाना : ito.ribdikot@gmail.com
info@ribdikotmun.gov.np

फेसबुक पेज : www.facebook.com/ribdikotmun

प्रकाशन : २०८० श्रावण २४

## विषयसूची


१. गाउँपालिकाको परिचय ........ १

क) निकायको स्वरुप र प्रकृति........ १

ख) गाउँपालिकाको काम, कर्तव्य र अधिकार........ २

ग) रिब्दीकोट गाउँपालिकाबाट प्रदान हुने सेवा........ २

घ) रिब्दीकोट गाउँपालिकाका शाखाहरु तथा वडाहरु र जिम्मेवारी अधिकारी ........ ३

ङ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि........ ३

च) निर्णय गर्ने प्रकृति र अधिकार........ ३

छ) निर्णय उपर उजुरी सुन्ने अधिकारी........ ४

ज) कार्यालय प्रमुख तथा सूचना अधिकारी........ ४

झ) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको विवरण........ ४

ञ) अघिल्लो आ.व. मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण........ ४

ट) रिब्दीकोट गाउँपालिकाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण........ ४

ठ) रिब्दीकोट गाउँपालिकाको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समायवधि........ ४

ड) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय........ ४

ढ) रिब्दीकोट गाउँपालिकाका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण........ ४

ण) रिब्दीकोट गाउँपालिकाको कर्मचारी स्वीकृत दरबन्दी विवरण तथा पद पूर्तिको अवस्था........ ५

क) गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय तर्फ ........ ५

ख) स्वास्थ्य संस्थाहरु तर्फ........ ६

ग) विभिन्न कार्यक्रम तर्फ........ ६

२. आ.ब २०७९।०८० मा शाखागत रुपमा भए/गरेका कार्यको चौथो त्रैमासिक प्रतिवेदन

क) सेवा प्रशासन तथा सुशासन तर्फ........ ७

ख) आर्थिक प्रशासन शाखा........ ७

ग) कृषि र पशु विकास तर्फ ........ ७

घ) स्वास्थ्य सेवा तर्फ ........ ९

ङ) आर्युवेद तर्फ........ १०

च) पूर्वाधार तर्फ ........ १०

छ) शिक्षा युवा तथा खेलकूल तर्फ ........ ११

ज) सहकारी तर्फ........ १२

झ) सामाजिक सुरक्षा तर्फ ........ १३

ञ) महिला तथा बालबालिका विकास तर्फ........ १४

ट) प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ............................................................................................................१५
ठ) लघु उद्यम तर्फ...................................................................................................................................१५
ड) म बनाउँछु मेरो रिब्दीकोट अभियान ..................................................................................................१५
ढ) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी निवेदन ...........................................................१६
ण) न्यायिक कार्य सम्पादन तर्फ ..............................................................................................................१७

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी, प्रदेश, नेपाल
स्था. २०७३

## १. गाउँपालिकाको परिचय:

रिब्दीकोट गाउँपालिका लुम्बिनी प्रदेश अन्तरगत पाल्पा जिल्लामा अवस्थित छ । नेपाल सरकारले संविधानको भावना र मर्मअनुरसार तोकिएका अधिकार र दायित्वलाई पुरा गर्ने हेतुले viable, sustainable and competent सरकारका रुपमा र केन्द्र सरकारको विकल्प नभै सहअस्तित्व सहसम्बन्धका आधारमा प्रतिस्पर्धाको भावना र जनताको नजिकको सरकारको रुपमा विकास गर्ने मनसायले अधिकार, स्रोत सहित ७४४ स्थानीय तहका रुपमा परिस्करण गर्ने सिलसिलामा साविकका ८ वटा गाउँ विकास समिती ख्याहा, देउराली, खस्यौली, भैरवस्थान, कुसुमखोला, पालुङमैनादी, ठिमुरे र फेक गाविसलाई मिलाएर दिगो एकाईका रुपमा विकास गर्ने गरी रिब्दीकोट गाउँपालिका गठन भएको हामी सबैको ठहर छ । रिब्दीकोट गाउँपालिकाको कुल जनसंख्या १५४७३ रहेको छ । यसको क्षेत्रफल १२४.५५ वर्ग कि.मी. रहेको छ । यसको सिमाना पूर्वमा तानसेन नगरपालिका, पश्चिममा रैनादेवी छहरा गाउँपालिका, उत्तरमा तानसेन नगरपालिका र गुल्मी जिल्ला तथा दक्षिणमा तिनाउ गाउँपालिका रहेका छन् ।

औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको ठूलो हिस्सा रहेको छ र स्थानिय बासिन्दाको आम्दानीको मुख्य स्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस गाउँपालिकामा विभीन्न चाडपर्व तथा जात्रा मनाउने गरिन्छ । तिज, दशै, तिहार, माघेसक्रान्ति, कृष्णजन्माष्टमी, बुद्धजयन्ती आदि यहाँका चाडपर्व आफ्नो धर्मअनुसार मनाउने गरेको पाईन्छ । साथै यहाँको सराय नाच, फागु नाच, लाखे नाच,झ्याउरे, देउसी भैलो र ठुलो नाच आदिले गर्दा सास्कृतिक रुपमा समृद्ध समाज निर्माणमा उल्लेख्य योगदान पुर्याएको मान्न सकिन्छ ।

### क) निंकायको स्वरुप र प्रकृति:

नेपाली जनताको पटक पटकको ऐतिहासिक जन आन्दोलन, संघर्ष, वीर सहिदहरुको बलिदान र अथक प्रयासबाट २०७२ असोज ३ गते संविधान संभाबाट जारी नेपालको संविधानको धारा ५६ बमोजिम स्थापित रिब्दीकोट गाउँपालिका, पाल्पा ७५३ वटा स्थानीय तह मध्ये एउटा स्थानीय सरकार हो । यसले कार्यपालिकीय, विधायिकी र न्यायिक कार्य गर्दछ । जसमा कार्यपालिका मार्फत स्थानीय सरकारको हैसियतमा कार्यपालिकीय, गाउँसभा मार्फत विधायिकीय र न्यायिक समिति मार्फत न्यायिक कार्य सम्पादन गर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत

**ख) गाउँपालिकाको काम, कर्तव्य र अधिकार:**

नेपालको संविधान धारा ५७ बमोजिम अनुसूची ८ र ९ अन्तर्गतका अधिकारहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ लगायत प्रचलित ऐन, नियमको अधिनमा रही रिब्दीकोट गाउँपालिका, पाल्पाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

- नेपालको संविधानको धारा ५७ बमोजिम अनुसूची ८ र ९ अन्तर्गतका अधिकारहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ अन्तर्गतका विषयमा न्यायिक समिति मार्फत न्यायिक निरुपण गर्ने।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिमका कार्यहरु (गाउँ प्रहरी, सहकारी संस्था, एफ एम संचालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवा व्यवस्थापन, स्थानीय तथ्यांक र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाई, गाउँ सभा, मेलमिलाप तथा मध्यस्थताको व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास लगायत गर्ने।
- समग्रमा संविधान र ऐन, नियमको अधिनमा रही कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक कार्यहरु सम्पादन गर्ने।

**ग) रिब्दीकोट गाउँपालिकाबाट प्रदान हुने सेवा :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ बमोजिमका विवादको न्यायिक निरुपण, दैनिक स्थानीय सेवा प्रवाह तथा व्यवस्थापन, सहकारी संस्था, स्थानीय तथ्यांक र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना , आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, कृषि सडक र सिचाई, गाउँसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास आदि सेवाहरुको व्यवस्थापन तथा संचालन गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

**घ) रिब्दीकोट गाउँपालिकाका शाखाहरु तथा वडाहरु र जिम्मेवारी अधिकारी :**

| | | |
|---|---|---|
| शिक्षा शाखा | : | अधिकृत आठौं, मणि प्रसाद खनाल |
| आर्थिक प्रशासन शाखा | : | ......................... |
| प्रशासन शाखा | : | अधिकृत छैठौं, एकलाल भट्टराई |
| योजना तथा जिन्सी शाखा | : | अधिकृत छैठौ, काशीनाथ आचार्य |
| स्वास्थ्य शाखा | : | जनस्वास्थ्य निरीक्षक, सुनिल अधिकारी |
| सूचना प्रविधि शाखा | : | ...................... |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | : | रोजगार संयोजक, दुर्गा पछाई |
| सामाजिक सुरक्षा/पञ्जीकरण/महिला तथा बालबालिका शाखा | : | एम.आइ.एस अपरेटर, सिर्जना नेपाल |
| पशु शाखा | : | गीता नेपाली |
| आ.ले.प शाखा | : | ............... |
| कृषि शाखा | : | रञ्जिव कुँवर |
| सहकारी शाखा | : | उमा खनाल |
| वडा नं. १ सचिव | : | हरि कुमारी आचार्य |
| वडा नं. २ सचिव | : | हुम बहादुर बरौले |
| वडा नं. ३ सचिव | : | गणेश प्रसाद आचार्य |
| वडा नं. ४ सचिव | : | हिमा खड्का |
| वडा नं. ५ सचिव | : | सुमन रेश्मी |
| वडा नं. ६ सचिव | : | विष्णु बहादुर थापा |
| वडा नं. ७ सचिव | : | कमल प्रसाद ज्ञवाली |
| वडा नं. ८ सचिव | : | सुमन रेश्मी |

**ङ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:** सेवाको प्रकृति अनुसार .

**च) निर्णय गर्ने प्रकृति र अधिकार :** नेपालको संविधान, स्थानीय सरकास संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६४ तथा नियमावली २०६५, संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, पाल्पाबाट भएका तथा हुने परिपत्र बमोजिमका कार्यहरु ।

प्रमुख प्रशासकीय अधिकृत

**छ) निर्णय उपर उजुरी सुन्ने अधिकारीः** प्रमुख प्रशासकीय अधिकृत, न्यायिक समितिको संयोजक सम्बन्धित वडाका वडाध्यक्ष, गाउँपालिका अध्यक्ष

**ज) कार्यालय प्रमुख तथा सूचना अधिकारी :**

- कार्यालय प्रमुख : प्रमुख प्रशासकीय अधिकृत मदन अर्याल
- सूचना अधिकारी : रुकलाल भट्टराई

**झ) ऐन, नियमं, विनियम, कार्यविधि वा निर्देशिकाको विवरणः**

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधि नियमावली, २०६४ तथा नियमावली, २०६५
- भ्रमण खर्च नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६५
- रिब्दीकोट गाउँपालिकाबाट निर्माण भएका ऐन, नियमहरु
- सङ्घीय सरकार, प्रदेश सरकारबाट विभिन्न मितिमा जारी भएका ऐन, नियम तथा निर्देशिकाहरु ।

**ञ) अघिल्लो आ.व. मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :** वार्षिक बजेट बमोजिमका कार्यक्रम अन्तर्गत कृषि, पशु, शिक्षा, स्वास्थ्य, लक्षित कार्यक्रमहरु खेलकूद र आयोजना तर्फ सडक, खानेपानी, सिचाई आदि संचालन भएको ।

**ट) रिब्दीकोट गाउँपालिकाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :** छैन

**ठ) रिब्दीकोट गाउँपालिकाको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समायवधिः** छैन ।

**ड) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :** छ ।

**ढ) रिब्दीकोट गाउँपालिकाका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण :**

- नागरिक बडापत्र
- कार्यालयको सूचना पाटी

प्रमुख प्रशासकीय अधिकृत

- एफ.एम.रेडियो र पत्र-पत्रिका
- कार्यालयको वेवसाइट र फेसबुक पेज
- वार्षिक कार्ययोजना तर्जुमा
- स्थानीय राजपत्र

(ण) रिब्दीकोट गाउँपालिकाको कर्मचारी स्वीकृत दरबन्दी विवरण तथा पद पूर्तिको अवस्था:

क) गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय तर्फ :

| क्र.सं. | पदको नाम | तह | सेवा/समूह/उपसमूह | जम्मा स्वीकृत स्थायी दरबन्दी | पदपूर्ति भएको स्थायी कर्मचारी | करार पूर्ति | जम्मा पूर्ति | खुद रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.प्र.अधिकृत | रा.प.तृतीय | प्रशासन | १ | १ | ० | १ | ० |
| २ | अधिकृत | ७/८ औं | शिक्षा, शिक्षा प्रशासन | १ | १ | ० | १ | ० |
| ३ | अधिकृत | ७/८ औं | प्रशासन, लेखा | १ | १ | ० | १ | ० |
| ४ | अधिकृत | ७/८ औं | कृषि | १ | ० | ० | ० | १ |
| ५ | अधिकृत | ७/८ औं | कृषि, भेटेरिनरी | १ | ० | ० | ० | १ |
| ६ | अधिकृत | ६ औं | प्रशासन, सा.प्र. | २ | २ | ० | २ | ० |
| ७ | ईन्जिनियर | ६ औं | इन्जिनियरिङ्ग, सिभिल | १ | ० | १ | १ | ० |
| ८ | ज.स्वा.नि. | ६ औं | स्वास्थ्य, हे.ई. | १ | १ | ० | १ | ० |
| ९ | सि.अ.न.मि. निरीक्षक | ६ औं | स्वास्थ्य, क.न. | १ | १ | ० | १ | ० |
| १० | आ.ले.प. | ५ औं | प्रशासन, लेखा | १ | १ | ० | १ | ० |
| ११ | सहायक | ५ औं | प्रशासन, सा.प्र. | ७ | ५ | ० | ५ | २ |
| १२ | कम्प्युटर अपरेटर | ५ औं | विविध | १ | १ | ० | १ | ० |
| १३ | लेखा सहायक | ५ औं | प्रशासन, लेखा | १ | ० | ० | ० | ० |
| १४ | प्रा.स. | ५ औं | शिक्षा, शिक्षा प्रशासन | १ | १ | ० | १ | ० |
| १५ | सब-इन्जिनियर | ५ औं | इन्जिनियरिङ्ग, सिभिल | ४ | १ | ३ | ४ | ० |
| १६ | सहायक | ५ औं | कृषि | २ | ० | १ | १ | १ |
| १७ | पशु स्वास्थ्य प्राविधिक | ५ औं | कृषि, भेटेरिनरी | १ | १ | ० | १ | ० |
| १८ | पशु सेवा प्राविधिक | ५ औं | कृषि, ला.पो.ड.डे. | १ | ० | ० | ० | १ |
| १९ | अ.सब.इन्जिनियर | ४ औं | इन्जिनियरिङ्ग, सिभिल | ६ | १ | ४ | ५ | १ |
| २० | खा.पा.स.टे. | ४/५ औं | इन्जिनियरिङ्ग, सिभिल, सेनिटरि | १ | ० | १ | १ | ० |
| २१ | स.म.वि.नि. | ४ औं | विविध | १ | ० | ० | ० | १ |
| २२ | सहायक | ४ औं | कृषि | १ | ० | १ | १ | ० |
| २३ | ना.प.स्वा.प्रा. | ४ औं | कृषि, भेटेरिनरी | १ | ० | १ | १ | ० |
| २४ | ना.प.से.प्रा. | ४ औं | कृषि, ला.पो.ड.डे. | १ | ० | १ | १ | ० |
| २५ | सहायक | ४ औं | प्रशासन, सा.प्र. | ५ | १ | १ | २ | ३ |
| | **जम्मा** | | | ४५ | १९ | १४ | ३३ | १२ |

प्रमुख प्रशासकीय अधिकृत

## ख) स्वास्थ्य संस्थाहरु तर्फ:

| क्र.सं. | पदको नाम | तह | सेवा/समूह/उपसमूह | जम्मा स्वीकृत स्थायी दरबन्दी | पदपूर्ति भएको स्थायी कर्मचारी | करार पूर्ति | जम्मा पूर्ति | खुद रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | ८ औं | स्वास्थ्य | १ | १ | ० | १ | ० |
| २ | हेल्थ असिष्टेन्ट | ५ औं | स्वास्थ्य हे.ई. | ८ | ० | ८ | ८ | ० |
| ३ | स्टाफ नर्स | ५ औं | स्वास्थ्य क.न. | १ | ० | १ | १ | ० |
| ४ | कविराज निरीक्षक | ५ औं | स्वास्थ्य आयुर्वेद | १ | १ | ० | १ | ० |
| ५ | अ.हे.व. | ४ औं | स्वास्थ्य हे.ई. | १७ | ६ | ११ | १७ | ० |
| ६ | अ.न.मि. | ४ औं | स्वास्थ्य क.न. | १७ | १६ | १ | १७ | ० |
| ७ | ल्याव असिष्टेन्ट | ४ औं | स्वास्थ्य ज.मे.ल्या.टे. | १ | १ | ० | १ | ० |
| ८ | वैद्य | ४ औं | स्वास्थ्य आयुर्वेद | १ | ० | १ | १ | ० |

## ग) विभिन्न कार्यक्रम तर्फ:

| क्र.सं. | पद | दरबन्दी | करार पूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | १ | ० | १ |
| २ | रोजगार संयोजक | १ | १ | ० |
| ३ | प्राविधिक सहायक | १ | १ | ० |
| ४ | रोजगार सहायक | १ | १ | ० |
| ५ | एम.आइ.एस. अपरेटर | १ | १ | ० |
| ६ | फिल्ड सहायक | १ | १ | ० |
| ७ | उद्यम विकास सहजकर्ता | २ | २ | ० |

प्रमुख प्रशासकीय अधिकृत

## आ.ब २०७९।०८० मा शाखा/क्षेत्रगत गत रुपमा भए/गरेका कार्यको चौथो त्रैमासिक प्रतिवेदन ।

### (क) सेवा प्रवाह तथा सुशासन तर्फः

- वडा नं. २,३,४,५,६ र ७ को कार्यालयमा सहज रुपमा सेवा प्रवाह गर्न आवश्यक फर्निचर तथा कम्प्युटर सम्बन्धी सामाग्रीहरुको व्यवस्था गरिएको छ ।
- सहज रुपमा सेवा प्रवाह गर्न सबै वडा कार्यालयमा सोलार बत्तीको व्यवस्थान गरिएको छ ।
- सुत्र प्रणाली (विद्युतीय माध्यम) द्वारा राजश्व व्यवस्थापनको सुरुवात गरिएको छ ।
- सबै वडा कार्यालयमा इन्जिनियरिङ्ग सेवा तर्फका प्राविधिक कर्मचारीहरुको व्यवस्था गरिएको छ ।
- गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयमा सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको छ ।

### (ख) आर्थिक प्रशासन तर्फः

- हालसम्मको वित्तिय प्रगतीमा चालु बजेट तर्फ रु. ३६ करोड ८३ लाख ४ हजार रहेकोमा ८९ प्रतिशत खर्च भएको र पूँजीगत बजेट तर्फ १९ करोड ९२ लाख ८८ हजार रहेकोमा ६८.६२ प्रतिशत खर्च भएको छ ।
- आ.व. २०७९/८० मा ७५ लाख २१ हजार ७ सय ५० रुपियाँ २५ पैसा राजश्व संकलन भई बैंक दाखिला गरिएको छ ।

### (ग) कृषि र पशु विकास तर्फ

- उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत ३ वटा कृषि सहकारीहरू मार्फत सुन्तला र टमाटर ३,५८,७८४ के.जी.को प्रति के.जी. रु.२ का दरले रु ७,१७,५६८ रुपैया कृषकहरुलाई बैंक खाता मार्फत अनुदान वितरण कार्य सम्पन्न भएको ।
- खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा मूल्य अनुदान कार्यक्रम अन्तर्गत २५०० के.जी. गंहुको बिउ ५०% अनुदानमा वितरण कार्य सम्पन्न भएको ।
- कृषकहरुको माग संकलन गरि ५०% अनुदानमा २८०० के.जी. तोरी बिउ (उन्नति र प्रगति जात) वितरण कार्य सम्पन्न ।
- प्रदेश सरकार,रिब्दीकोट गाउँपालिका र पौरखनी स्मार्ट कृषि गाउँ कार्यक्रम,ठिमुरे संयुक्त लागत साझेदारीमा रु ४६,९४,५००।-मा जलबायु स्मार्ट (संकलन केन्द्र निर्माण, डिजिटल डिस्प्ले),सिंचाई



प्रमुख प्रशासकीय अधिकृत

स्मार्ट(पोखरी निर्माण, पाइप वितरण), खाद्य पोषण स्मार्ट(बिउबिजन,मलखाद,भिटामिन,बिषादी),प्रबिधि स्मार्ट(मल्चीङ्ग प्लाष्टिक.टनेल प्लाष्टिक,मिनी टिलर,कृषिसामाग्री) र बजारीकरण स्मार्ट क्षेत्रमा ९७ घर परिवार समेटी कार्य भएको।

- रिब्दीकोट कृषि तथा पशु उद्यमशिलता परियोजना कार्यक्रम अन्तर्गत अकबरे खुर्सानी खेति प्रवर्दन कार्यक्रममा १५४ घर परिवारले ३०० रोपनी र बेसार खेति २९५ घर परिवारले ३१० रोपनी खेतियोग्य जमिन र ९८ रोपनी बाझो जग्गामा गरि जम्मा ४०८ बेसार लगाउने कार्य सम्पन्न भएको छ।
- २१ वटा कृषि फर्म दर्ता र १५ वटा कृषक समूह दर्ता भएको।
- जोन कार्यालय पाल्पा संगको समान्वयमा १९ वटा फर्म,समूह र सहकारीहरु मार्फत ६९७.७ रोपनी क्षेत्रफलमा सुन्तालाजात फलफूल क्षेत्र विस्तार कार्यक्रम लागि सम्झौता भएको।
- साना ब्यबसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम अन्तर्गत २८० रोपनी क्षेत्रफलमा तरकारी खेतीका लागि अनुदानाग्राहीसंग सम्झौता गरि कार्यक्रम अगाडी बढाइएको छ।
- हेफर प्रोजेक्ट नेपाल संगको सहकार्यमा सबै वडाका कृषकहरुलाई ५०% अनुदानमा ३५ वटा मिनीटिलर वितरण गरिएको छ।
- एकिकृत घुम्ती शिविर अन्तर्गत ४ वटा वडाहरुमा १०० कृषकलाई कृषि सेवा प्रदान गरिएको छ|
- २५० कृषकहरुको नि:शुल्क माटो परिक्षण गरिएको छ।
- सबै वडाहरुमा अकबरे खुर्सानीको खाद्यतत्व व्यवस्थापन तथा काँटछाँट सम्बन्धी तालिम सम्पन्न भएको छ।
- तरकारी तथा मौरीका गरि १९ वटा मोडेल फर्म सथापना भएको छ।
- फर्म सुदृढिकरण कार्यक्रम अन्तर्गत २ वटा कृषि फर्म संग सम्झौता गरि फर्म सुदृढिकरणका लागि अनुदान ।
- सबै वडाका किसानहरुको माग बमोजिम ५० प्रतिशत अनुदानमा ७२ टन आलु बीउ वितरण कार्य सम्पन्न भएको छ।
- "एक घर एक करेसाबारी रिब्दीकोट गाउँपालिका भरि" कार्यक्रम अन्तर्गत सबै घरधुरीलाई पोषण सुधारका लागि मिनिकिट (रायो साग,मुला,धनिया,केराउ,प्याज र बन्दा) निशुल्क वितरण कार्य सम्पन्न भएको छ।
- काउले सामुहिक अम्रिसो खेति अन्तर्गत रिब्दीकोट गाउँपालिका वडा न ८ फेकको काउलेमा ११० रोपनी क्षेत्रफलमा अम्रिसो लगाउने कार्य सम्पन्न भएको छ।

प्रमुख प्रशासकीय अधिकृत

- कृषिमा आधारित आधुनिक पूर्वाधार निर्माण देउराली मसाहार अन्तर्गत देउराली मसाहार युबा कृषि उद्यमि समूह अन्तर्गत २४ वटा अस्थाई टनेल घर निर्माण,८ वटा २ हजार क्षमताको पपानी टंकी ,४ वटा ६० हजार लिटर क्षमताको पलाष्टिक पोखरी निर्माण गरि ६० हजार टमाटर बिरुवा लगाएको।
- कारितास नेपालसंगको सहकार्यमा रिब्दीकोट गाउँपालिका वडा न ७ र ८ का ६ वटा अदुवा कृषक समुहका ८२ जना किसानहरुलाई २.५ टन अदुवा बिउ वितरण कार्य सम्पन्न।
- कृषि ज्ञान केन्द्र पाल्पा ,कृषि सामाग्री कम्पनी लि. पाल्पा र रिब्दीकोट गाउँपालिकाको समान्वयमा यस गाउँपालिकामा रासायनिक मलको कारोबार गर्दै आएका सहकारी संस्था मार्फत ९९२ बोरा युरिया,५५७ बोरा डिएपी र ८९ बोरा पोटास मल किसानहरुलाई उपलब्ध गराइएको छ।

**(घ) स्वास्थ्य सेवा तर्फ**

- घुम्ती सेवा तर्फ गाउँघर क्लिनिक सेवा ८४ पटक सञ्चालन भएको र २२६४ जनाले सेवा प्राप्त गरेका छन्।
- खोप क्लिनिक र खोप सेसन ११२ पटक सञ्चालन भई ५३८ जनाले सेवा प्राप्त गरेका छन्।
- म.स्वा.स्व.से.मार्फत २६ पटक सेवा सञ्चालन गरी १९७८ जनाले सेवा प्राप्त गरेका छन्।
- खस्यौली प्राथमिक स्वास्थ्य केन्द्र मार्फत ११४० जनाले ल्याब परीक्षणको सेवा प्राप्त गरेका छन्।
- वडा नम्बर १ अन्तरगत ख्याहा स्वास्थ्य चौकीको एम्बुलेन्स मार्फत जिल्ला भित्र ३० जना र जिल्ला बाहिर ८ गरी जम्मा ३८ जनाले सेवा प्राप्त गरेका छन्।
- वडा नं ३ अन्तरगत खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रको एम्बुलेन्स मार्फत जिल्ला भित्र १६० जना र जिल्ला बाहिर ११ जना गरी जम्मा १७१ जनाले सेवा प्राप्त गरेका छन्।
- सुरक्षित मातृत्व कार्यक्रम अन्तरगत खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रबाट ९, कुसुमखोल स्वास्थ्य चौकीबाट २ जना, पालुङ स्वास्थ्य चौकीबाट २ जना र देउराली स्वास्थ्य चौकीबाट २ जना गरी जम्मा १५ जनाले सेवा प्राप्त गरेका छन्।

**सुरक्षित मातृत्व, नवशिशु तथा परिवार योजना सम्बन्धि नविनतम कार्यहरु:-**

- नया ३ वटा सामुदायिक स्वास्थ्य इकाई संचालन।
- १ वटा बृहत स्वास्थ्य शिविर र ९ वटा विशेषज्ञ स्वास्थ्य शिविरबाट ११३८ जनालाई सेवा प्रदान।
- पालुङ, देउराली र भैरवस्थानमा ६४ जना महिलाको पाठेघरको मुखको परीक्षण।
- संस्थागत सुत्केरीलाई स्थाद्दीय सरकारबाट ४८ जनालाई थप रु १५०० वितरण।
- सुत्केरीलाई घरभेट कार्यक्रम अन्तरगत १६ जनालाई सुत्केरी मसला वितरण।

प्रमुख प्रशासकीय अधिकृत

- संस्थागत सुत्केरी हुन नसकेको अवस्थामा रिफर सेन्टर सम्म निःशुल्क एम्बुलेन्स सेवा।
- बालरोग सम्बन्धी सबै स्वास्थ्य संस्थामा तालिम संचालन।

## (ङ)आयुर्वेद तर्फ

- अन्तराष्ट्रिय योग दिवसको उपलक्ष्यमा भैरव जनता मा.बि.का विद्यार्थीहरुलाई योग प्रशिक्षण दिइएको।
- निर्माणाधीन जडीबुटी उद्यानमा विभिन्न जडीबुटीजन्य बृक्षारोपण गरिएको।
- मिति २०८० बैशाख देखि असार सम्म ७८० जना सेवाग्राहीले आयुर्वेदिक औषधोपचार सेवा प्राप्त गर्नुभएको छ।

## (च) योजना तथा पूर्वाधार विकास तर्फ:

| योजना ठेक्का द्वारा सम्पन्न भएका योजनाहरु | | बजेट |
|---|---|---|
| १ | हटिया भारकोट डुम्रे मो.बा. स्तरोन्नती | ११,६०,०००० |
| २ | देउराली शान्तिचौर ख्याहा नोगिथुम मोटर बाटो प्रदेश समपुरक म्याचिंग | १,१८,००,००० |
| ३ | गा.पा. भौतिक पुर्वाधार सुधार | १०,००,००० |
| ४ | Fabrication of steel parts | १४,५०,००० |
| ५ | हार्थोक बतासे सडक मर्मत | ६,००,००० |
| ६ | चुर्पुकधारा खानेपानी आयोजना | ७०,००,००० |

**गाउँपालिका योजना**

| वडा नं | लागत अनुमान तयार भएका | मुल्यांकन भएका | प्रतिशत (लागत अनुमान तयार) | कुल योजना |
|---|---|---|---|---|
| १ | ३१ | ३१ | १०० | ३१ |
| २ | ३५ | ३४ | ९९ | ३५ |
| ३ | २७ | २६ | १०० | २६ |
| ४ | ३६ | ३६ | २०० | ३६ |
| ५ | २५ | २५ | २०० | २५ |
| ६ | ३५ | ३५ | १०० | ३५ |
| ७ | ५१ | ५१ | १०० | ५१ |
| ८ | ५२ | ५२ | १०० | ५२ |

- पालिका स्तरीय /वडास्तरीय २०३ वटा योजना मध्ये २०० वटा योजना सम्पन्न।
- सडक मर्मत - ९०.३४१२ कि.मि.

प्रमुख प्रशासकीय अधिकृत

- सडक ग्राभेल - ६.३४ कि.मि.
- सडक नयाँ ट्र्याक - १२.७५ कि.मि.
- पक्कि सडक निर्माण - ०.५ कि.मि.
- पक्कि नाली निर्माण - ३.३ कि.मि.
- ढलान सडक निर्माण - १.३ कि.मि.
- सिचाई तर्फ पक्की कुलो- ०.५ कि.मि.
- खानेपानी पाईप खरिद - २२.८ कि.मि.
- औद्योगिक ग्राम निर्माणको लागि आवश्यक DPR तयार।
- कालिकागढी गुराँस डाँडाको पर्यटन प्रवर्द्धनको लागि आवश्यक DPR तयार।
- सडक बोर्ड नेपालसँगको लागत साझेदारीमा बतासे डबका सडक खण्डको स्तरोन्नति कार्य सम्पन्न।

| क्र.स. | योजनाको नाम | सम्पन्न भएको / नभएको | विनियोजित रकम |
|---|---|---|---|
| १ | खोप्चेखोला अधुरो खानेपानी आयोजना | १००% | १५,४३,७७०.१२ |
| २ | झरझरे लिफ्ट खानेपानी आयोजना | १००% | ९२,८२,०५६.६२ |
| ३ | ढाप लिफ्ट खानेपानी आयोजना | ७५% | १०,५०,००० |
| ४ | दुदरुग गैर लिफ्ट दधुरो खानेपानी आयोजना | १००% | १३,५२,९०५.३५ |
| ५ | हार्थोक लिफ्ट खानेपानी आयोजना | १००% | १०,००,००० |
| ६ | भालुवन मुल संरक्षण | १००% | २,००,००० |
| ७ | चुर्पुक लिफ्ट खानेपानी आयोजना | १००% | ७०,००,००० |
| | जम्मा रकम | | २,१४,२८,७३२.०९ |

## (छ) शिक्षा युवा तथा खेलकूद तर्फ

- ✓ शैक्षिक संस्थाहरुलाई आकर्षित र सफा बनाई छुट्टै पहिचान प्रदान गर्ने उदेश्यका साथ सबै विद्यालयहरुलाई एकै किसिमको रगंरोगन गर्ने कार्य सम्मन्नको चरणमा रहेको र अब बाँकी जम्मा ४ वटा विद्यालयहरुलाई आगामी बर्षमा सम्पन्न गरिने।
- ✓ विद्यार्थीहरुलाई श्रम प्रति आकर्षित गराउने र श्रम गर्ने बानीको विकास गराई सिकाईलाई श्रमसँग आवद्ध गरी स्वावलम्बी नागरिक तयार गर्न ७ वटा विद्यालयमा सिक्दै कमाउंदै कार्यक्रम संचालन गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

जसमा १ वटा विद्यालयमा ड्रागन फ्रुट खेती, ४ वटा विद्यालयमा मौरी पालन, २ वटा विद्यालयमा फलफुल तथा तरकारी खेती सुरुवात गरिएको छ ।

- ✓ विद्यालयहरुमा विहानी प्रार्थनामा एकरुपता ल्याउन र राष्ट्रिय गान तथा व्यायामलाई व्यवस्थित र आकर्षक बनाई विद्यार्थीहरुको सर्वाङ्गिण विकासका साथसाथै सकारात्मक उर्जा प्राप्तीका लागी पालिका भरका सबै विद्यालयमा संगितमय व्यायाम शुरुवात गरिएको छ।
- ✓ विद्यालयहरुको व्यवस्थापनमा थप सुधार गरी शैक्षिक गुणस्तर वृद्धि गर्न सबै विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष तथा प्रधानाध्यापकहरुलाई एकै ठाउँमा राखि निजहरुको क्षमता विकास कार्यक्रम संचालन गरिएको छ ।
- ✓ गाउँपालिबाट सम्पुर्ण शिक्षकहरुका लागि शिक्षण सहयोगी शिक्षक डायरी निर्माण गरि वितरण गरिएको छ ।
- ✓ विद्यार्थीहरुको प्रतिभाको प्रस्फुटन गराउने उदेश्यका साथ विभिन्न विधामा पालिका स्तरीय प्रतियोगिताहरु संचालन गरिएको छ । जस्तै: बक्तृत्वकला, हाजिरी जवाफ ।
- ✓ शिक्षण सिकाईमा आईपरेका कठिनाईहरु समाधान गर्न र शैक्षिक उपलब्धी बृद्धि गर्ने उदेश्यले विषयगत शिक्षकहरुको लागि शिक्षक तालिम कार्यक्रम सम्पन्न गरिएको छ ।

**(ज) सहकारी तर्फ:**

- ➢ एकल महिलाहरुको सहभागितामा पालिकास्तरिय रिब्दीकोट सामाजिक उद्यमी एकल महिला सहकारी संस्था नयाँ दर्ता गरिएको छ ।
- ➢ श्री भैरबस्थान कृषि बहुउद्देश्यीय सहकारी संस्थाको पुर्नलिखित विनियम प्रमाणित गरिएको छ ।
- ➢ देवीस्थान दुग्ध उत्पादक सहकारी संस्थाको विषय परिवर्तन गरिदेवीस्थान बहुउद्देश्यीय सहकारी संस्था बनाइएको छ ।
- ➢ माथिल्लो निकाय तथा मातहत कार्यालयहरुलाई माग भए बमोजिमका विवरणहरु उपलब्ध गराईएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

## (झ) सामाजिक सुरक्षा लाभग्राही तथा भत्ता वितरण गरिएको विवरण:

चौथो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता निकासा गर्नका लागि नयाँ निवेदन दर्ता, मृत्यु तथा बसाईसराई गरि गएका लाभग्राहीहरुको लगत कट्टा गरि ३०६७ जनालाभग्राहीहरुलाई जम्मा रु २,८५,४८,३००/-भत्ता बापतको रकम निकासा गरि वितरण गरिएको ।

| क्र. स | सामाजिक सुरक्षाको किसिम | नयाँ थप संङ्ख्या | लगत कट्टा | जम्मा कायमसंङ्ख्या | वितरण गरिएको भत्ता रकम |
|---|---|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक भत्ता | २७ | १२ | १६६० | १९७१९२४७ |
| २ | जेष्ठ नागरिक भत्ता(दलित) | ९ | १ | २१५ | १६८३९४६ |
| ३ | जेष्ठ नागरिक एकल महिला | ३ | ३ | २४१ | १९१२४५७ |
| ४ | विधवा | ८ | ० | ४१४ | ३२९३०८० |
| ५ | पूर्ण अपाङ्गता भत्ता | ९ | ० | ५२ | ६१८४५० |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | ४ | १ | १२१ | ७६१८२४ |
| ७ | दलित बालबालिका | २९ | १७ | ३६४ | ५५९२९६ |
| | **जम्मा** | **८१** | **३४** | **३०६७** | **२८५४८३००** |

## ग वर्ग अपाङ्गता भत्ता लाभग्राही तथा भत्ता वितरण गरिएको विवरण:

चौथो त्रैमासिकमा ग वर्गअपाङ्गता भत्ता (पहेलो कार्ड)भत्ता निकासा गर्नका लागि नयाँ निवेदन दर्ता, मृत्यु तथा बसाईसराई गरि गएका लाभग्राहीहरुको लगत कट्टा गरि १०० जनालाभग्राहीहरुलाई जम्मारु २,४९,६००/-भत्ता बापतको रकम निकासा गरि वितरण गरिएको ।

| वडा नं. | लाभग्राही संङ्ख्या | वितरण गरिएको भत्ता रकम रु. |
|---|---|---|
| १ | १८ | ४३,२०० |
| २ | ११ | २८,८०० |
| ३ | ९ | १९,२०० |
| ४ | ६ | १४,४०० |
| ५ | १६ | ४३,२०० |
| ६ | १४ | ३३,६०० |
| ७ | १५ | ३६,००० |
| ८ | ११ | ३१,२०० |
| **जम्मा** | **१००** | **२,४९,६००** |

प्रमुख प्रशासकीय अधिकृत

## घटनादर्ता तर्फः

चौथो त्रैमासिक २०८०।०१।०१ देखि २०८०।१२।३० गते सम्मको देहाय बमोजिम व्यक्तिगत घटना दर्ता भएको छ।

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद जम्मा | विवाह जम्मा | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | | | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | | ३ | ३ | ३ | ४ | ७ | ३ | ९ | | | ३ | २० | २५ |
| २ | १६ | १६ | ३२ | ४ | १ | ५ | १ | १२ | | | ४ | १० | ५४ |
| ३ | १० | ७ | १७ | २ | ३ | ५ | २ | ५ | | | २ | ३ | ३१ |
| ४ | १६ | ८ | २४ | ५ | ७ | १२ | २ | १२ | १ | ५ | ३ | ८ | ५४ |
| ५ | २ | १ | ३ | ४ | | ४ | १ | ४ | १ | २ | ३ | ५ | १६ |
| ६ | ५ | ९ | १४ | ५ | ३ | ८ | २ | ७ | | | ३ | १० | ३४ |
| ७ | ८ | ६ | १४ | ३ | ५ | ८ | २ | ८ | | | ९ | ३३ | ४१ |
| ८ | ८ | ८ | १६ | ३ | ५ | ८ | १ | १३ | | | | | ३८ |
| **जम्मा** | ६५ | ५८ | १२३ | २९ | २८ | ५७ | १४ | ७० | २ | ७ | २७ | ८९ | २९३ |

३. मन्त्रालय तथा विभागबाट माग भई आएका विवरण तथा प्रतिवेदनहरु समयमै पठाउने गरिएको छ र इकाई तथा शाखा संग सम्बन्धित मन्त्रालय, विभागतथा स्थानिय तहबाट भएका निर्णयहरु कार्यान्वयनका लागि वडाहरुमा नियमित रुपमा परिपत्र गरिएको छ।

## ञ) महिला तथा बालबालिका विकास तर्फ

- दलित लक्षित कार्यक्रमअन्तर्गत गाउँपालिका भित्रका सम्पुर्ण दलित विद्यार्थीहरुलाई शैक्षिक सामाग्रीहरु वितरण गर्ने कार्यक्रम सम्पन्न भएको छ।
- जनजाती लक्षित कार्यक्रमअन्तर्गतमगर इतिहास, भाषा, कला र संस्कृतिसम्बन्धि सचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ।
- शाखा संग सम्बन्धित मन्त्रालय, विभागतथा स्थानिय तहबाट भएका निर्णयहरु कार्यान्वयनका लागि वडाहरुमा नियमित रुपमा परिपत्र गरिएको साथै माथिल्लो निकायबाट माग भई आएको विवरण तथा प्रतिवेदनहरु समयमै पठाईएको छ।

प्रमुख प्रशासकीय अधिकृत

## (ट) प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ

- वैदेशिक रोजगारीमा जाने ७ जना व्यक्तिको श्रमस्वीकृती कार्य सम्पन्न भएको छ ।
- १०० दिने रोजगारी कार्यक्रम अन्तर्गत १ देखि ८ वटै वडामा (मोटरबाटो,गोरेटोबाटो तथानाली निर्माण र ढुंगा छपाई तथा सुख्खा वाल निर्माण जस्ता योजनामा) ११६जनालाई प्राविधिक मूल्यांकनको आधारमा औषत ९९.५० दिन रोजगारी प्रदान गरिएको छ ।
- रोजगार व्यवस्थापन सूचना प्रणालीमा भौतिक तथा वित्तिय प्रतिवेदन प्रविष्टि गरेको ।
- मन्त्रालयमा नियमित (मासिक) रुपमा प्रतिवेदन पेश गरेको ।

## (ठ) लघु उद्यम विकास कार्यक्रम तर्फ

- ४ वटा वडामा उद्यमशीलता विकास तालिम सञ्चाल गरिएको ।
- वडा नम्बर ३ मा ४५ दिने व्यवसायिक ब्युटीपार्लर तालिम १९ जना सहभागीको संख्यामा सम्पन्न ।
- वडा नम्बर ७ मा ६० दिने आधारभूत व्यवसायिक सिलाईकटाई तालिम १३ जना सहभागीको संख्यामा सम्पन्न ।
- वडा नम्बर ५ मा व्यवसायिक अगरबत्ती बनाउने ७ दिने तालिम १८ जना सहभागीको संख्यामा सम्पन्न ।
- वडा नम्बर ३ मा व्यवसायिक मौरी पालन ५ दिने तालिम १० जना सहभागीको संख्यामा सम्पन्न ।
- वडा नम्बर ५ मा व्यवसायिक अचार बनाउने ७ दिने तालिम १५ जना सहभागीको संख्यामा सम्पन्न ।
- वडा नम्बर ७ मा व्यवसायिक अचार बनाउने ७ दिने तालिम १६ जना सहभागीको संख्यामा सम्पन्न ।
- वडा नम्बर ६ मा व्यवसायिक तरकारी खेती ५ दिने तालिम २९ जना सहभागीको संख्यामा सम्पन्न ।
- वडा नम्बर ८ फेकमा १ महिने एडभान्स सिलाईकटाई तालिम ९ जना सहभागीको संख्यामा सम्पन्न ।
- २ जना तालिम प्राप्त उद्यमीलाई २ वटा फार्लर कुर्ची हस्तान्तरण ।
- १० जना तालिम प्राप्त उद्यमीलाई १० वटा मौरी सहितका घार हस्तान्तरण ।
- १३ जना तालिम प्राप्त सहभागीहरुलाई १ वटा इन्टरलक मेसिन र १३ वटा सिलाई मेसिन हस्तान्तरण ।
- एडभान्स सिलाईकटाई तालिमका सहभागीहरुलाई ५ थान सिलाई मेसिन हस्तान्तरण ।

प्रमुख प्रशासकीय अधिकृत

## आ.व. २०७९/८० को वित्तीय प्रगति विवरण

| क्र.सं. | विवरण | जम्मा बजेट रु. | खर्च रकम रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | नयाँ उद्यमी सिर्जना गर्ने | २३,८०,००० | २१,०२,००० | ८८.३२ |
| २ | पुनर्ताजगी र एडभान्स सीप विकास तालिम | ४,८०,००० | १,८८,००० | ३९.१७ |
| ३ | ५ जनाको समूमा प्रविधि हस्तान्तरण | १,४०,००० | ० | - |

## ड) विपद व्यवस्थापन तर्फ

- जम्मा ४५ घर परिवार विपद पिडितहरुलाई राहत स्वरुप जम्मा रकम रु. ३ लाख ९२ हजार वितरण गरिएको ।

## ढ) म बनाउँछु मेरो रिब्दीको अभियान

- हार्थोकदेखि बतासेसम्मको नाली तथा मोटरबाटो सरसफाई साथै खाल्टाखुल्टी पुर्ने लगायतको अभियानमा २५० जनाको श्रमदान सहभागितामा करीब रु १,७८,०००।– बराबरको काम भएको छ ।
- भैरवनाथ मन्दिर परिसर तथा वडा नं ४ अन्तर्गत साविकको वडा नं ३ र ७ मा करीब १५० जना स्वयंसेवी नागरिकहरुले रु १,०७,०००।– बराबरको काम भएको छ ।
- रिब्दीकोट गाउँपालिका वडा नं ५ मा अवस्थित धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक रुपले महत्वपूर्ण रहेको जलेश्वर धाम आसपासको क्षेत्रमा यो वर्ष मात्र २ पटकमा करीब २५० जनाको सहभागितामा रु १,१०,०००।–(अक्षरुपी एक लाख दश हजार मात्र) बराबरको सरसफाई अभियान सम्पन्न भएको छ ।
- रिब्दीकोट गाउँपालिका वडा नं ७ को श्री कालिका मा.वि. बतासे पाल्पामा १९ जना बिशेषज्ञ चिकित्सकहरुको सहयोगमा करिव ६०० जना बिभिन्न स्वास्थ्य समस्या भएका रोगी ब्यक्तिहरुले प्रति व्यक्ति रु. २५००।– का दरले रु १५,००,०००।– बरावरको निःशुल्क स्वास्थ्य सेवा प्राप्त गर्नुभएको छ ।
- गाउँपालिका भित्रका अधिकांश वडा कार्यालय तथा वडाभित्र रहेका बिभिन्न संघ संस्थाहरुमा मासिक रुपमा आ–आफ्नो कार्यालय परिसर स्वस्फूर्त रुपमा सरसफाई कार्य भइरहेको छ ।
- प्राथमिक स्वास्थ्य केन्द्र खस्यौली सरसफाई, देउरालीको लगुवामा स्वास्थ्य इकाई सरसफाई, फेकको पहिरो र ठिमुरेको नाली सरसफाई आदि कार्यमा करीब ४०० जनाले २,८६,०००।– बराबरको काम भएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

➢ आम रिब्दीकोटबासी नागरिकहरुमा स्वयंसेवी भावनामा परिवर्तन आउनुको साथै स्वस्फूर्त रुपमा "म बनाउछु मेरो रिब्दीकोट" भन्ने नारालाई सार्थक तुल्याएको छ।

**(ण) न्यायिक कार्य सम्पादन तर्फः**

- गत आ.व. २०७९/८० मा जिम्मेवारी सरी आएका मुद्दा संख्या ⇒ ४
- गत आ.व. २०७९/८० मा दर्ता भएका मुद्दा संख्या ⇒ १०
- गत आ.व. २०७९/८० मा भएका जम्मा मुद्दा संख्या ⇒ १४
- गत आ.व. २०७९/८० फर्छयौट जम्मा मुद्दा संख्या ⇒ ९
- गत आ.व. २०७९/८० मा प्रक्रियामा रही चालु आ.व.मा जिम्मेवारी सारिएका मुद्दा संख्या ⇒ ५

**थप जानकारीको लागि :**

रुकलाल भट्टराई

सूचना अधिकारी

सम्पर्क नम्बर : ९८५७०६२६४३

प्रमुख प्रशासकीय अधिकृत